सियारी गाउँपालिका
Siyari Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
**Office Of Rural Municipal Executive**
हर्नैया, रूपन्देही
Harnaiya, Rupandehi

च.नं./Ref No. :
प.सं./Dispatch No. : २०७९/०८०

लुम्बिनी प्रदेश नेपाल
Lumbini Province Nepal

**नदीजन्य पदार्थको उत्खन्न तथा बिक्रीका लागि खुल्ला डाँक बढाबढ सम्बन्धी ५ दिने सार्वजनिक सूचना ।**

( प्रकाशित मितिः २०८०/०२/०५)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क, र यस सियारी गाउँपालिकाको आर्थिक ऐन २०७९ को दफा ०७, संघीय सरकारको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७, सियारी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८, लुम्बिनी प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ तथा गाउँपालिकाको नदीजन्य पदार्थ उत्खनन् व्यवस्थापन तथा नियमन कार्यविधि, २०७७ समेतको व्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी सियारी गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्न प्रथम पटक मितिः २०७९/११/१९ गते १५ दिने सूचना प्रकाशन भएको र मिति २०७९/१२/०६ गते दोस्रो पटक ७ दिने सूचना प्रकासित भएकोमा तपसिल बमोजिसको कैफियत भई बोलपत्रको माध्यमद्धारा नदीजन्य पदार्थको बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्न नसकिएकोले सियारी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८ को नियम १३८ को उपनियम(४) (झ) अनुसार सार्वजनिक खुल्ला डाँक बढाबढको माध्यमबाट नदीजन्य पदार्थ उत्खनन् गरी सियारी गाउँपालिकाले तोकेको दरमा बिक्री गर्नु पर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. **२०७८/०७९** को कर चुक्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी मिति २०८०/०२/१० गते समय ११.३० बजे देखि १ बजे सम्म दानव नदीको छपिया घाँट र सोही दिन १.३० देखि ३ बजे सम्म दानव नदीको धमसार घाटको सार्वजनिक खुल्ला डाक बढाबढमा तोकिएका शर्तहरु पुरा गरी सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**रोमनाथ न्यौपाने**
प्रमुख प्रशासकीय अधिकृत

सियारी गाउँपालिका
Siyari Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

Office Of Rural Municipal Executive

पर्सा, रुपन्देही

प.नं./Ref No.:
च.नं./Dispatch No.: २०७९/०८०

लुम्बिनी प्रदेश नेपाल
Lumbini Province Nepal

<u>तपसिल</u>

| सि.नं. | आय ठेक्का नं./बोलपत्र नं. | सार्वजनिक बढाबढ हुने घाटको नाम | उत्खनन् परिणाम(घन फिट) | न्यूनतम बोल अङ्क रकम (सेवाशुल्क र मू.अ.कर बाहेक) | धरौटी (जमानत )रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ११-०७९/०८० | दानव नदीको छपिया(दयानगर)घाट वडा नं ४ | ८४२८९०.४६ | १२७१७९५.०६ | कबोल अंकको ५% | पहिलो र दोस्रो सूचना अनुसार कुनै पनि सिलबन्दी बोलपत्र दर्ता नभएको । |
| २ | १२-०७९/०८० | दानव नदीको धमसार घाट वडा नं ४ | ८१५७६८.८० | ८९७३४५६.८० | कबोल अंकको ५% | पहिलो र दोस्रो सूचना अनुसार कुनै पनि सिलबन्दी बोलपत्र दर्ता नभएको । |

<u>शर्तहरु</u> :

१. कबोल रकमको पाचँ प्रतिशत रकम गाउँपालिकाको एन. आई. सि. एसिया बैंकमा रहेको ग ३.१ स्थानीय तह धरौटी खाता ०९३२०५००१४९४१०१२ मा दखिला गरेको सक्कलै बैंक भैचर,नगदै वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको कम्तीमा नब्बे दिन म्याद भएको बिडबण्डको सक्कल प्रति पेश गर्नु पर्ने छ ।अन्यथा सार्वजनिक बढाबढमा भाग लिन पाइने छैन ।

२. सार्वजनिक बढाबढ मिति र समय २०८०/०२/१० गते ११.३० बजे देखि १.०० बजे छपिया (दयानगर)घाट । १.३० देखि ३.बजे सम्म धमसार घाट ।

३. सार्वजनिक बढाबढमा भाग लिने ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न कबोल गर्न चाहेको अंकको ५% ले हुन आउने बुदा नं.१ अनुसारको जमानत संलग्न गरी सार्वजनिक बढाबढ शुरु हुने समय भन्दा आधा घण्टा अगाडी राजस्व शाखामा पेश गर्नु पर्ने छ ।

४. बुदा नं. ३ अनुसारको प्रमाणहरू पेश नगर्ने फर्म वा कम्पनीले बढाबढमा सहभागि हुन पाउने छैन ।

५. बढाबढ गर्दै जाँदा कबोल अंकको ५% जमानत नपुग हुन गएमा ५% पुर्याउन आवश्यक रकम नगदै दाखिला गर्न पाईने छ ।तर न्युनतम बोल अंकको ५% जमानत भने शुरुमै पेश गर्नु पर्ने छ ।

अन्य जानकारी तथा शर्तहरु गाउँ कार्यपालिकाको सूचना पाटी तथा वेवसाईड www.siyarimun.gov.np बाट जानकारी लिन सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

रोमनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत